# माछापुच्छ्रे बैंक लिमिटेडको
# सत्ताइसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस बैंकको मिति २०८२/०५/१९ मा बसेको सञ्चालक समितिको ५३७ औं बैठकको निर्णयानुसार यस बैंकको सत्ताइसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल असोज १० गते (तदनुसार २६ सेप्टेम्बर, २०२५) शुक्रबार ।

समय : विहान ११:०० बजे ।

स्थान : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की ।

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव** :

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको २७ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु ‘‘माछापुच्छ्रे क्यापिटल लिमिटेड’’ र ‘‘माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड’’ को आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र नियुक्तीका शर्त तथा पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री जी.पी.राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको)

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

६. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिले साविक सञ्चालकको बाँकी कार्यकालसम्मको लागि गरेको सञ्चालकको नियुक्ती अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ४६,४८,५४,२९०/९२ (अर्थात चुक्ता पूँजीको ४ प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रचलित कानुनी एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही प्रति शेयर रु. १००/- का दरले रु. ३,००,००,००,०००/- (अक्षरेपी रु. तीन अर्ब) बराबरको "८.२५% माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) जारी गर्ने ।

३. बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब) लाई वृद्धि गरी रु. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब) पुर्‍याउने र विशेष प्रस्ताव नं. १ र २ बमोजिम जारी गरिने बोनस शेयर र माछापुच्छ्रे अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Machhapuchchhre Perpetual Non-Cumulative Preference Share) को हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

४. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने र सोही बमोजिम बैंकको नियमावलीको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

५. विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**

**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारीहरु :**

१) साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजीको काम मिति २०८२ साल भाद्र २७ गतेका लागि बन्द रहनेछ । उक्त मितिभन्दा अगाडी नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोवार भई सोको ७ कार्य दिन भित्र यस बैंकको शेयर शाखा, माछापुच्छ्रे क्यापिटल लिमिटेड रहेको भवन, जे डि ए अफिस कम्प्लेक्स, सुन्धारा काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र मतदान गर्न पाउने छन् । नेपाल स्टक एक्स्चेञ्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लेखित मिति भित्र शेयरधनीको खातामा शेयर ट्रान्सफर गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीहरुलाई अनुरोध गरिन्छ ।

२) साधारण सभासँग सम्बन्धित वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.machbank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा अनुरोध छ ।

३) सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ । सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन पुस्तिकामा समावेश भएको प्रवेश पत्र साथमा लिई आउनु पर्नेछ । कुनै शेयरधनी महानुभावले कारणवस पुस्तिका नपाउनु भएमा आफ्नो फोटो भएको कुनै परिचयपत्र वा हितग्राही खाता (D-MAT Account) नम्बर वा BOID Statement वा कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध गरिन्छ ।

४) प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको शेयर शाखा, माछापुच्छ्रे क्यापिटल लिमिटेड रहेको भवन, जे डि ए अफिस कम्प्लेक्स, सुन्धारा काठमाडौंमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात मिति २०८२ असोज ०८ गते विहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ ।

५) शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमवाट छुट्टयाई प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न पाइने छैन । प्रतिनिधि (प्रोक्सी) प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा दिनु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिवार्य छ ।

६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । प्रोक्सी नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रोक्सी बदर गरी आफैं सभामा उपस्थित भई मतदान गर्न चाहेमा सभा शुरु हुनु अगावै सो को लिखित सूचना दिनु पर्नेछ । यसरी सूचना दिई सम्बन्धित शेयरधनी आफै उपस्थित भएमा निजले पूर्ववत दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी बैंकको शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज बैंकको शेयरधनी नभएतापनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि बैंकको शेयर शाखा, माछापुच्छ्रे क्यापिटल लिमिटेड रहेको भवन, जे डि ए अफिस कम्प्लेक्स, सुन्धारा काठमाडौंमा लिखित रुपमा जानकारी दिनु हुन अनुरोध गरिन्छ ।

८) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउने छन् ।

९) नावालक तथा अशक्त शेयरधनीको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले मतदानमा भाग लिन पाउने छ । तर संरक्षक स्वयम् शेयरधनी नभएमा अरु कसैको तर्फबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त हुन योग्य हुने छैन ।

१०) अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।